बागमती प्रदेश सरकार

# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

(सामाजिक क्षेत्र)

हेटौंडा, नेपाल

**पुनर्स्थापना सेवा प्रदान गर्ने केन्द्रहरूलाई प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०६/२२**

बागमती प्रदेश सरकार स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयको चालु आ. व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **"बौद्धिक अपाङ्गता भएका व्यक्ति अटिजम र मस्कुलर डिष्ट्रोफी लगायतका समस्याबाट पीडित अपाङ्गता भएका बालबालिकाहरूलाई पुनर्स्थापना सेवा प्रदान गर्ने केन्द्रहरूमा स्वयंसेवक थेरापिष्टको लागि अनुदान कार्यक्रम"** कार्यान्वयन गर्न प्रदेश भित्रका पुनर्स्थापना सेवा प्रदान गर्ने केन्द्रहरू छनौट गर्नुपर्ने भएकोले पुनर्स्थापना केन्द्रहरूमा स्वयंसेवक थेरापिष्टको लागि अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ को दफा ७ उपदफा (१) को प्रयोजनार्थ दोस्रो पटक यो सूचना प्रकाशन गरिएकोले ईच्छुक पुनर्स्थापना केन्द्रहरूले सूचना प्रकाशन भएको मितिले ७ दिन (२०८३/०६/२८ गते) कार्यालय समय भित्र मन्त्रालयको इमेलः p3mosd@gmail.com वा मन्त्रालयमा संलग्न बमोजिमको ढाँचामा प्रस्ताव पठाउनुहुन सम्बन्धित सबै पुनर्स्थापना केन्द्रहरूको जानकारीका लागि सूचित गरिन्छ।

**पुनश्चः पहिलो सूचना बमोजिम प्रस्ताव पेश गरिसकेका तर कागजात नपुगेका र आवेदन पेश गर्न ईच्छुक नयाँ पुनर्स्थापना केन्द्रहरूले यस कार्यक्रम भित्र समावेश हुन संस्था नवीकरणको प्रमाणपत्र, आ.व. २०८२/८३ को करचुक्ता प्रमाणपत्र, सोही आ.व. को लेखा परीक्षण प्रतिवेदन र संस्थाको भौतिक विवरण खुल्ने कागजात अथवा घरभाँडा सम्झौता भएमा सोको प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ।**

२०८३/०६/२२

रामचन्द्र गिरी
शाखा अधिकृत

फोन नं. ०५७-५२४८३५, ०५७-५२४८३६, ०५७-५२३८५७, ०५७-५२७७२८ र ०५७-५२३१७९
इमेलः mosd@bagamati.gov.np, p3mosd@gmail.com वेबसाइटः https://mosd.bagamati.gov.np